निर्णयहरुः

निर्णय नं. १.

क)

नेचासल्यान गाउँपालिकाको वडा नं. २ र थुलुङ दुधकोशी गाउँपालिका वडा नं. २ जोड्ने **ठुलढुङ्गा ढोडेनी सहेले सोलुखोला**मा ह्युम पाइप खरिद, ढुवानी तथा व्यवस्थापन गर्न देहायबमोजिम रकमान्तर गरी बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजेट विनियोजन भएको पूराना योजनाको नाम | प्रस्तावित नँया योजना | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सडक मर्मत कोष (२० लाख) | ठुलढुङ्गा ढोडेनी सहेले सोलुखोलामा ह्युम पाइप खरिद, ढुवानी तथा व्यवस्थापन | ७ लाख | प्राबिधिक लगत स्टमेटको आधारमा बजेटको थपघट हुन सक्ने |

ख)

सोलुखोला लघुजलविद्युत आयोजनाको थुम्कीमा रहेको ट्रान्सफर्मर (५० केभिए-७५ केभिए) खरिद तथा व्यवस्थापनको लागि देहायबमोजिम रकमान्तर गरी बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजेट विनियोजन भएको पूराना योजनाको नाम | प्रस्तावित नँया योजना | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | सडक मर्मत कोष (२० लाख ) | ट्रान्सफर्मर (५० केभिए-७५ केभिए) खरिद, ढुवानी तथा व्यवस्थापन | ५ लाख | |

ग)

सम्मानित गाउँसभाबाट मागमा आधारित साझेदारी कार्यक्रममा विनियोजित रु. १५ लाख मध्येबाट देहायबमोजिमको विपद्सँग सम्बन्धित योजनाहरुको लागि बजेट रकमान्तर तथा शीर्षकान्तर गरी आवश्यक बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजेट विनियोजन भएको पूराना कार्यक्रम | प्रस्तावित नँया योजना | रकमान्तर रकम | जम्मा |
|---|---|---|---|---|
| १. | मागमा आधारित साझेदारी कार्यक्रम (१५ लाख ) | १.फुयल वस्ती पहिरो नियन्त्रण-वडा नं. ४ | ४ लाख ३४ हजार मात्र । | १४ लाख ४६ हजार मात्र । |
| | | २.जालपा विद्यालय घेराबार - वडा नं. ४ | २ लाख मात्र । | |
| | | ३.मनकुमारी कटेलको घर छेउ गोरेटो बाटो मर्मत-वडा नं. ३ | ५ हजार मात्र । | |
| | | ४.सिंहदेवी सेवा समाज गुठी मन्दिर निर्माण-वडा नं. ३ | ६ लाख ५० हजार मात्र । | |
| | | ५.घुन्सा खोला सडकमा जाली-वडा नं. १ (१ नं. वडा | १ लाख ४६ हजार मात्र । | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यालयबाट विनियोजित रु. ४ लाख अपुग भएको) | | |

घ) नेचासल्यान गाउँपालिका वडा नं. १ मा तिहार लक्षित गरी आयोजना हुने साविक वडा स्तरीय खुला भलिबल प्रतियोगिता सञ्चालनको लागि **सल्यान स्टार युथ क्लब**लाई देहायबमोजिम रकमान्तर गरी बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र.सं. | बजेट विनियोजन भएको पूराना/साविक कार्यक्रमको नाम | प्रस्तावित नँया योजना | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|
| १. | परम्परागत खेलकुद संरक्षण (१ लाख) | साविक वडा स्तरीय खुला भलीबल प्रतियोगिता | १ लाख | |

<u>निर्णय नं. २.</u>

नेचासल्यान गाउँपालिकाको शिक्षा ऐन, २०७५ लाई सशोंधन गर्न बनेको विधेयक समितिले पेश गरेको संशोधन प्रस्तावलाई आसन्न गाउँसभाबाट अनुमोदन हुने गरी नेचासल्यान गाउँपालिकाको शिक्षा ऐन, २०७५ को पहिलो संशोधन, २०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३.</u>

सम्मानित गाउँसभाबाट स्वीकृत तथा कार्यपालिकाको विभिन्न बैठकबाट रकमान्तर तथा शीर्षकान्तर भई स्वीकृत योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न निर्माण उपभोक्ता समिति गठन तथा परिचालन अति महत्वपूर्ण हुन्छ । यस सम्बन्धमा नेचासल्यान गाउँपालिकाले विशेष कार्ययोजना बनाई अगाडि बढ्ने निर्णय गरियो ।

निर्णय नं. ४.

गाडीभाडादर समायोजन, २०७९ सम्बन्धमा गाडी (यात्रुबाहक बस, मिनि बस, जीप, बोलेरो आदि) भाडा दर तोक्न स्थानीय निकाय र सम्बन्धित सरोकारवालाहरु बीच मिति २०७९ साल असोज मसान्त भित्र संयुक्त रुपमा बैठक बसी नँया गाडीभाडा दर तोक्ने निर्णय गरियो ।

निर्णय नं. ५.

आ.व. २०७९/०८० को लागि गाउँपालिकाको विभिन्न शाखाको स्वीकृत वार्षिक कार्यक्रम (सशर्त र समानिकरण) अन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रमहरुलाई तत् तत् शाखाहरुबाट यथाशीघ्र कार्यान्वयन गर्न व्यवस्थाको लागि निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

राष्ट्रिय योजना आयोग र सम्बन्धित स्थानीय तहको साझेदारीमा सञ्चालन हुने समपुरक र विशेष अनुदान कार्यक्रम अन्तर्गत कार्यपालिकाले पहिचान गरेको बहुआयमिक योजनाहरु (समपुरक तर्फ प्रस्तावितः सडक, पूल, भवन) र (विशेष तर्फः कृषि, शिक्षा, स्वास्थ्य) को समयमै प्रस्ताव पेश गर्नको लागि मिति २०७९ साल मंसिर मसान्त भित्रै आवश्यक तयारी पूरा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७.**

मृगौला प्रत्यायोजन गरेका, डाइलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम लाभग्राहीहरुको पहिचान गर्न मिति २०७९ साल कार्तिक मसान्त भित्र सम्बन्धित वडा कार्यालयहरुमा निवेदन माग गरी कारबाही गरिसक्ने निर्णय गरियो ।

निर्णय नं. ८

गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत नेचासल्यान गाउँपालिकामा सूचीकृत भएका गरिब (**अति गरिब, मध्यम गरिब र सामान्य गरिब गरी जम्मा ३२९ गरिब परिवार**) परिचयपत्र मिति २०७९ साल कार्तिक महिना भित्र गाउँकार्यपालिकाको कार्यालयबाट वितरण गरिने जानकारी प्राप्त भयो ।

निर्णय नं. ९.

नेचासल्यान गाउँपालिका वडा नं. ३ र ४ मा सञ्चालित श्री सोलुखोला तुइन्टार लघुजलविद्युत आयोजना ग्रेट नेपालको प्राबिधिक सहयोगमा र नेचासल्यान गाउँपालिका वडा नं. १ र २ मा सञ्चालित श्री त्रीवेणी लघुजलविद्युत आयोजना नेपाल यन्त्रशालाको प्राबिधिक सहयोगमा सम्पन्न भएको लघुजलविद्युत आयोजनाहरु हुन् । नेचासल्यान गाउँपालिका र उल्लिखित ग्रेट नेपाल तथा नेपाल यन्त्रशालासँग दातृ निकायको आर्थिक सहयोग साझेदारीमा गरी तत् तत् लघुजलविद्युत आयोजनाहरु

मर्मत तथा सञ्चालन गर्न सकिने उल्लिखित ग्रेट नेपाल तथा नेपाल यन्त्रशालालाई समन्वयकारी भूमीकाको लागि अनुरोध गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. १०.**

नेचासल्यान गाउँपालिका वडा नं. २ र वडा नं. ५ रिक्त रहेको वडा सचिव व्यवस्थापनको लागि देहायबमोजिम कामकाजमा खटाई जनशक्ति (वडा सचिव) व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम, थर | साविकको पद र कार्यालय | कामकाजको लागि खटाइएको पद र कार्यालय | कै. |
|---|---|---|---|---|
| १. | चित्र कुमार श्रेष्ठ | अहेब, नेचासल्यान आधारभूत अस्पताल | वडा सचिव, २ नं. वडा कार्यालय | |

**निर्णय नं. १०**

नेचासल्यान गाउँपालिका वडा नं. ३ र ४ मा कार्यान्वयन भइरहेको चुर्पुघाट मुहान भई नेचासल्यान ३ र ४ चुहान हुने लिफ्टिङ्ग परियोजनाको जग्गा र सोलुखोला तुइनटार लघु जलविद्युत आयोजनाको जग्गा व्यवस्थापन तथा कानुनी प्रकृया पूरा गर्न नेचासल्यान गाउँपालिकाको उपाध्यक्ष श्री विना राई ज्युको संयोजकत्व तथा ३ नं. वडा अध्यक्ष श्री सिताराम भट्टराई र ४ नं. वडा अध्यक्ष श्री इन्द्र बहादुर राईको रोहबरमा जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो ।